अनुसूची-१

मिति २०६८।५।२ गते सरकारी बार्तोटोली र पूर्व जनमुक्ति सेना, नेपालका प्रतिनिधिहरुवीच भएको सहमतिका बुँदाहरु :-

१. पूर्व जनमुक्ति सेना नेपालको तर्फवाट देहाय अनुसार आफ्ना मागहरु प्रस्तुत भयो ।

क. कथित अयोग्य बिल्ला खारेज गरिनु पर्ने ।

ख. सम्मानजनक दीर्घकालीन व्यवस्थापनका लागि एकमुष्ठ आर्थिक प्याकेजबाट हल गरिनु पर्ने ।

ग. संयुक्त राष्ट्र संघ शान्ति कोष मार्फत पूर्व जनमुक्ति सेनाका नाममा भएको खर्चको सत्य तथ्य सार्वजनिक गरिनुपर्ने ।

घ. विभिन्न वहानामा पकाउ परेका सम्पूर्ण पूर्व जनमुक्ति सेनाहरुको अविलम्ब विनाशर्त रिहाई गराईनु पर्ने ।

२. पूर्व जनमुक्ति सेना नेपालले उठाएका माग प्रति नेपाल सरकारको गम्भिर ध्यानाकर्षण भएको छ । प्रस्तुत भएका उल्लिखित मागहरुका सम्बन्धमा यथोचित सम्बोधन गर्न सकारात्मक पहल गर्ने ।

३. हालको सम्बेदनशील परिस्थितिलाई मध्यनजर गर्दै पूर्व जनमुक्ति सेनाले घोषणा र आव्हान गरेका वन्द र हडतालका कार्यकमहरु फिर्ता लिन सहमति भएको छ ।

सचिव